# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ७, संख्या २ २०८० आषाढ २८ गते


## भाग १

स्थानीय सरकार

## विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर सभाबाट स्वीकृत मिति: २०८०।०३।१०*

# विदुर नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

# विदुर नगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को लागि सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

सभाबाट स्वीकृत मिति : २०८०।०३।१०

विदुरनगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी विदुर नगरपालिकाको तेह्रौं नगरसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम **"विदुर नगरपालिकाको विनियोजन ऐन, २०८०"** रहेको छ।

(२) यो ऐन २०८० श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले विदुर नगरपालिकाको विनियोजन ऐन, २०८० सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले विदुर नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले विदुर नगरपालिका सम्झनुपर्छ ।

(घ) "सभा" भन्नाले विदुरनगरपालिकाको नगरसभा सम्झनुपर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

३. आर्थिक वर्ष २०८०।०८१ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्ने : (१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा रकम रु.१,१२,२३,९८,०००। (अक्षरुपी एक अरब बाह्र करोड तेइस लाख अन्ठानब्बे हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४ . विनियोजन : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त विदुरनगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यापालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकाशा र खर्च जनाउन सकिनेछ।

(४) पुजिँगत खर्च र वित्तिय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु शिर्षकमा रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत साँबा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

प्रमाणिकरण मिति: २०८०।०३।२८

आज्ञाले
विनोद कुमार खनाल
(प्रमुख प्रशासकीय अधिकृत)